नेपाल बार एशोसिएशन
रामशाहपथ, काठमाडौं, नेपाल
फोन नं. : ९७७-१-४२००८३७
फ्याक्स नं. : ९७७-१-४२००८३६
इमेल: neba@nepalbar.org
neba@nepalbar.org.np
वेब: www.nepalbar.org
www.nepalbar.org.np

प.सं.

मिति: २०६८/०२/०५

केन्द्रीय कार्यसमिति
(२०७६-२०७९)

अध्यक्ष
चण्डेश्वर श्रेष्ठ

उपाध्यक्ष
सुनिल कुमार श्रेष्ठ
मान बहादुर रुम्दाली
ईश्वरी प्रसाद भट्टराई
सुरेन्द्र थापा मगर
रामचन्द्र सिंह राजपूत
मिन बहादुर महत
उमेश प्रसाद बिष्ट
रक्षा वस्याल

महासचिव
लीलामणि पौडेल

कोषाध्यक्ष
रुद्र प्रसाद पोखेल

सचिव
मनोजकुमार चौधरी

सदस्य
डा. शिवराज पण्डित
गंगा सागर खत्री
भीमसेन वन्जारा
भुवन प्रसाद निरौला
प्रकाश महर्जन
बाल कृष्ण गैरे
अन्जु कायस्थ
मोहन साशंकर
खिमानन्द अधिकारी
कल्पना कुमारी भण्डारी
बीना कुमारी सिंह (चौधरी)
पंचनारायण मण्डल
बद्रीनारायण नगरकोटी

## प्रेश बिज्ञप्ती

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (Covid-19) को नयाँ variant सहितको दोश्रो लहरको महामारीको चपेटामा नेपाल पनि संघर्षरत रहेको हामी सवैमा अवगतै छ । यस विषम परिस्थितिमा आफ्नो अमूल्य जीवन गुमाउनु हुने सम्पूर्ण महानुभावहरुमा हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दै उपचारमा रहनु हुने सवैको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछौं ।

यो विषम परिस्थितिमा अविलम्ब प्रभावकारी रुपमा खोपको आयात गरी सम्पूर्ण नागरिकहरुलाई सहज रुपमा खोपको उपलब्ध गराउने तर्फ ठोश कदम चाल्न र अस्पतालहरुमा आउने विरामीहरुलाई बेडको व्यवस्था र अक्सिजनको आपूर्तिलाई सहज बनाई जनताको स्वास्थ्य उपचारमा प्रभावकारी भूमिका निभाउन नेपाल सरकार समक्ष जोडदार माग गर्दछौं ।

जनताको न्याय प्राप्तीको लागि अग्रपंक्तिमा रही निरन्तर क्रियाशील हुनुपर्ने कानून व्यवसायीहरुमा कतिपय कानून व्यवसायीहरुले खोप प्राप्त गरिनसकेको र कतिपयले पहिलो चरणको खोप लिई सकेकोमा दोस्रो चरणको खोप के कहिले प्राप्त हुने हो कुरा पनि अनिश्चित रहेको अवस्थामा अग्रपक्तिमा रहने अन्य प्राथमिकताक्रममा रहेका बर्गका व्यक्तिहरुलाई जस्तै कानून व्यवसायीहरुलाई समेत प्राथमिकता क्रममा राखी अविलम्ब खोप उपलब्ध गराउन नेपाल सरकारको गम्भीर ध्यानाकर्षण गराउँदछौं । यस महामारीमा कुनै पनि कानून व्यवसायीहरुमा पर्न सक्ने आकश्मीक असहज परिस्थितिको सहजिकरणको निम्ति ने.बा.ए.मा सहयोग कक्ष Help Desk रहेको व्यहोरा समेत सम्पूर्ण कानून व्यवसायीहरु लाई जानकारी गराउन चाहान्छौं ।

वर्तमान महामारीको अवस्थामा जनताको स्वास्थ्य उपचार र जीवनयापनको समस्या समाधानको लागि सरकारले चाल्नुपर्ने कदमका विषयमा सम्मानित सर्वोच्च अदालतबाट विभिन्न मुद्धामा भएका आदेशहरुको प्रभावकारीरुपमा कार्यान्वयन गर्न नेपाल सरकार समक्ष जोडदार माग गर्दछौं । साथै आदालतको आदेशको प्रभावकारी कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्नुपर्ने विषयमा सम्मानित सर्वोच्च अदालतका संयन्त्रहरु क्रियाशील भएको नदेखिएकोले उल्लेखित संयन्त्रहरुलाई क्रियाशील बनाई महामारी नियन्त्रण र व्यवस्थापनको सम्बन्धमा भएका आदेशहरुको प्रभावकारी रुपमा कार्यान्वयन गराउन सम्मानित सर्वोच्च अदालतको समेत गम्भीर ध्यानाकर्षण गराउँदछौं ।

चण्डेश्वर श्रेष्ठ

वरिष्ठ अधिवक्ता चण्डेश्वर श्रेष्ठ
अध्यक्ष